# देवघाट गाउँपालिका गाउँकार्यपालिकाको बैठक

बैठक मितिः २०८१।११।२३ गते शुक्रबार | बैठक समयः बिहान ११:३० बजे

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

बैठक संख्याः ११-२०८१/०८२ | स्थानः गाउँ कार्यपालिकाको कार्यालय

<u>उपस्थितिः</u>

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री तिल बहादुर थापा | गा.पा.अध्यक्ष | | |
| २ | श्री भुवन सिं गुरुङ | गा.पा.उपाध्यक्ष | | |
| ३ | श्री मनि राज गुरुङ | १ नं. वडाअध्यक्ष | | |
| ४ | श्री मीन बहादुर राना मगर | २ नं. वडाअध्यक्ष | | |
| ५ | श्री टेक बहादुर आले | ३ नं. वडाअध्यक्ष | | |
| ६ | श्री मित्र लाल गुरुङ | ४ नं. वडाअध्यक्ष | | |
| ७ | श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाअध्यक्ष | | |
| ८ | श्री बाल कुमारी परियार | कार्यपालिका सदस्य | | |
| ९ | श्री हुम माया खान | कार्यपालिका सदस्य | | |
| १० | श्री यम माया गुरुङ | कार्यपालिका सदस्य | | |
| ११ | श्री मन माया वि.क. | कार्यपालिका सदस्य | | |
| १२ | श्री गंगा सिं वि.क. | कार्यपालिका सदस्य | | |
| १३ | श्री बाबुराम परियार | कार्यपालिका सदस्य | | |
| १४ | दिनेश सारु | सदस्य सचिव | | |
| | | अन्य उपस्थिति | | |
| १. | गोविन्द प्रसाद पौडेल | अधिकृत | | |
| २. | जीवन गुरुङ, | अधिकृत | | |
| ३. | संजय शर्मा | इ.ले.अ. | | |
| ४. | रिम ब. गुरुङ | का.प. | | |

<u>प्रस्तावहरुः</u>

प्रस्ताव नं.१ : समीक्षा सम्बन्धमा।

प्रस्ताव नं.२ : योजना माग तथा कार्यान्वयन सम्बन्धमा।

प्रस्ताव नं.३: अन्य विविध।

निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत रुपमा निर्णय गरियो।

निर्णय नं.२ : प्रस्ताव नं २ माथि छलफल गर्दा देहायबमोजिका निर्णयहरु सर्वसम्मत रुपले पारित गर्ने निर्णय गरियो।

क. यस देवघाट गाउँपालिकाको चालू आ.व.२०८१।०८२ को स्विकृत बार्षिक विकास कार्यक्रमहरु नियमित तथा गुणस्तरिय रुपमा प्रभावकारी तवरले सम्पन्न गर्न २०८१ चैत्र पहिलो हप्ता भित्र सम्झौता तथा कार्यादेश गरि बढिमा २०८२ जेठ मसान्त भित्र फरफारक हुने गरि योजना कार्यान्वयन प्रकृया अगाडी बढाउने।

ख. देवघाट गाउँपालिका स्थित रहेका विभिन्न सामुदायिक विद्यालय,खानेपानी तथा सिँचाई आयोजना र ऐतिहासिक तथा सांस्कृति धरोहरहरुलाई थप व्यवस्थित,संरक्षण तथा सम्बर्द्धन गर्ने प्रयोजनार्थ योजनाबद्ध तवरले लाभ लागतको बिश्लेषण सहित अगाडी बढाउन विस्तृत परियोजना प्रतिवेदन (DPR) आवश्यक पर्ने भएको तथा सो तयार गर्न परामर्श दाता श्री अर्किड प्लानर्स,भरतपुर लाई जिम्मेवारी प्रदान गरिएकोमा उक्त परामर्शदाता द्वारा पेश गरिएको देहायका आयोजनाहरुको अन्तिम विस्तृत परियोजना प्रतिवेदन (DPR) सर्वसम्मत स्वीकृत गर्ने ।

अ. Ghinatar Ghattekhola Water Lifting Works,Devghat-5
आ. Construction Of Gorkha Kalika Aadharbhut Bidhyalaya Building,Devghat-3
इ. Construction Of Shree Bajrayogini Secondary School Building,Devghat-5
ई. Baini Manakamana Temple,Devghat-4
उ. Kafaldanda Gumba ,Devghat-4

निर्णय नं.३ : प्रस्ताव नं ३ माथि छलफल गर्दा देहायबमोजिका निर्णयहरु सर्वसम्मत रुपले पारित गर्ने निर्णय गरियो।

क. यस गाउँपालिकाको आ.व. २०८१।०८२ को बार्षिक स्विकृत सशर्त कार्यक्रम अन्तर्गतको व्यावसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालन गर्ने प्रयोजनार्थ यस कार्यालयबाट मिति २०८१।०८।१९ मा सार्वजनिक सूचना प्रकाशित गरि प्रस्ताव माग गरिएकोमा तोकिएको समय सिमाभित्र पेश हुन आएको देहायको समूह लाई प्रदेश तथा स्थानीय तहमा सर्शत वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधी,२०८१ को दफा ८ बमोजिम कृषि शाखाको सिफारिसमा छनौट गरि कार्यान्वयन प्रकृया अगाडी बढाउने।

देहायः

| सि.नं. | समूहको नाम | ठेगाना | सम्पर्क व्याक्ती | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|
| १. | महादेव कृषि तथा पशुपालन कृषक समूह | देवघाट-५ | टेक बहादुर गुरुङ | ९८४५०७५२८५ | |

देवघाट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

ख. देवघाट गाउँपालिका स्थित रहेका विभिन्न नदी घाटहरु (सेतीभतेरी र भुवनटार) बाट नदिजन्य पदार्थको दिगो तथा वातावरणमैत्री तवरले उत्खनन् संकलन तथा बिक्रि कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) तयार गर्न परामर्श दाता श्री अर्किड प्लानर्स ,भरतपुर चितवनलाई जिम्मा प्रदान गरिएकोमा उक्त परामर्शदाता बाट पेश गरिएको अन्तिम प्रतिवेदन उपर विस्तृत छलफल गरि परिमार्जन सहित सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

ग. यस देवघाट गाउँपालिकाको चालू आ.व.को स्विकृत बार्षिक बिकास कार्यक्रम अन्तर्गतको मधुचन्द्र कर्भडहल देवघाट-५ को लागि रु.चालिस लाख रुपैयाँको विनियोजन गरिएकोमा सो योजना डिपीआर बमोजिम सम्पन्न गर्न विनियोजित रकम भन्दा थप रु.दश लाख रुपैयाँ बढी आवश्यक पर्ने भएको हुँदा गाउँपालिकाको आन्तरिक स्रोतबाट सो थप अपुग रकम रु. दश लाख रुपैयाँ को स्रोत सुनिश्चित गरि कुल रु.पचास लाख रुपैयाँको लागत अनुमान तयार गरि निर्माण प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

घ. यस देवघाट गाउँपालिकाको गाउपालिकास्तरिय परिक्षा (आधारभूत तह कक्षा ५ र ८) को परिक्षा व्यवस्थित तथा मर्यादित रुपमा सञ्चालन गरि शैक्षिक गुणस्तर अभिवृद्धी गर्ने सन्दर्भमा परिक्षामा खटिने केन्द्राध्यक्ष,निरिक्षक,प्रश्नपत्र मोडेरेशनकर्ता,उत्तरपुस्तक परिक्षणकर्ता हरुलाई प्रोत्साहन स्वरुप गाउँपालिका स्तरिय परिक्षा समितिले निर्धारण गरि सिफारिस गरे अनुरुपको देहायको पारिश्रमिक अनुमोदन गर्दै कक्षा ५ र ८ पालिका स्तरिय परिक्षा सञ्चालन खर्च शिर्षकबाट उपलब्ध गराउने सर्वसम्मत निर्णय गरयो ।

देहायः

केन्द्राध्यक्ष यातायात खर्च (कक्षा ८ ) : दैनिक रु. ५००। ( ८ दिन)

केन्द्राध्यक्ष यातायात खर्च (कक्षा ५) : दैनिक रु. ४००। ( ८ दिन)

निरिक्षक यातायात खर्च : दैनिक रु.३००। (७ दिन)

प्रश्नपत्र मोडेरेशनकर्ता : रु.१०००। (प्रति बिषय)

उत्तरपुस्तिका परिक्षण : रु. १०। ( प्रति उत्तरपुस्तिका)

दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

ङ. देवघाट गाउँपालिकामा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत सुन्तलाजात फलफूलको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम विस्तार तथा सञ्चालनको लागि सम्बन्धित निकायमा कार्यक्रम माग गर्ने सर्वसम्मत निर्णय गरियो।

च. देवघाट गाउँपालिकाको कृषि पशुपंक्षी उत्पादन तथा उत्पादकत्व वृद्धि गरि कृषकको आम्दानी तथा जिविकोपार्जनमा सुधार ल्याउन र ग्रामीण अर्थतन्त्रलाई थप चलायमान बनाउनको लागि आगामी आ.व. २०८२।०८३ का लागि तपशिलका योजना तथा कार्यक्रम सम्बन्धित निकायमा माग गर्ने सर्वसम्मत निर्णय गरियो।

| सि.न. | कार्यक्रम | बजेट रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | सुन्तला बगान सुदृढीकरण तथा व्यवस्थापन कार्यक्रम | ५०,००,०००। | |
| २ | साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम<br>• आलु<br>• भैसीं<br>• बाख्रा | ३६,००,०००। | |
| ३ | व्यवसायिक तरकारी उत्पादन कार्यक्रम | १०,००,०००। | |
| ४ | व्यवसायिक फलफूल खेती प्रवर्द्धन कार्यक्रम | १०,००,०००। | |
| ५ | व्याव्सायिक मौरी प्रवर्द्धन कार्यक्रम | १०,००,०००। | |
| ६ | सिंचाई संरचना निर्माण कार्यक्रम | ३०,००,०००। | |
| ७ | गोठ सुधार कार्यक्रम | १०,००,०००। | |
| ८ | स्थानीय कुखुरा प्रवर्द्धन कार्यक्रम | १०,००,०००। | |
| ९ | बंगुरपालन प्रवर्द्धन कार्यक्रम | १०,००,०००। | |

दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष